**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**

(नेपाल सरकारको स्वामित्व भएको)

**गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, रुपनी-५, सप्तरी**

## २०८०।१।२२ को सूचना अनुसारको शिलबन्दी प्रस्ताव आव्हानको विस्तृत जानकारी

सूचना प्रकाशित मिति :..................

नेपाल सरकारबाट ईजाजतपत्र प्राप्त ईच्छूक उद्योग/उद्यमीहरुबाट तपसिलबमोजिमका सर्तहरुको अधिनमा रही सञ्चालक समितिबाट स्वीकृत प्राविधिक स्पेसिफिकेशन बमोजिम यस औद्योगिक क्षेत्रभित्र निर्दिष्ट गरिएको प्राथमिकता प्राप्त उद्योगहरुबीच प्रतिस्पर्धा र पारदर्शिताका आधारमा जग्गा बहालमा दिन उद्योगीहरुबाट प्राप्त प्रस्ताव मुल्याङ्कन गरी छनौट गर्नुपर्ने भएकोले शिलबन्दी प्रस्तावको माध्यमबाट शिलबन्दी प्रस्ताव पेस गर्न सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

- **दरखास्त फाराम खरिद**:
  प्रस्तावित नयाँ उद्योग/उद्यमीले रू.१,०००।० (एक हजार रूपैयाँ) प्रति प्लटको शुल्क तिरी (फिर्ता नहुने) खरिद गरी प्रस्ताव फाराम भरी प्रस्तावसाथ पेस गर्नुपर्नेछ । प्रत्येक प्लटको लागि छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्ने छ । एकवटा उद्योग/उद्यमिको १ वटा प्लटको प्रस्ताव मात्र स्वीकार्य हुने छ ।

- **प्रस्ताव फाराम पाइने स्थान**: (क) औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, सञ्चालन महाशाखा, केन्द्रीय कार्यालय, बालाजु काठमाण्डौं र (ख) गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, रुपनी-५, सप्तरी ।

- **शिलबन्दी प्रस्ताव दाखिला**:
  उद्योग वा प्रस्तावित व्यवसाय गर्न चाहने उद्योगका सञ्चालकले प्रस्ताव फाराम प्रथमपटक प्रकाशित मितिले २१ औं दिन मिति ............. को कार्यालय समय अपरान्ह १७:०० बजेभित्र खरिद गर्न सक्नेछन् । उद्योगका सञ्चालकले प्रस्ताव फारामको प्रत्येक पाना अध्ययन गरेर रितपूर्वक भरी सहीछाप गरी प्रस्तावमा उल्लेखित पेस गर्नुपर्ने कागजपत्रहरु नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपीहरु र सर्त नं. ४ अनुसारको नगद जम्मा गरेको भौचर संलग्न गरी सो प्रस्ताव शिलबन्दी गरी खामबाहिर उद्योग/फर्मको नाम, ठेगाना प्रष्टसंग लेखी २२ औं दिन मिति ......... अपरान्ह १२:०० बजेसम्म निम्न उल्लेखित कुनै कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।
  (क) गजेन्द्रनारायणसिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, रुपनी ५, सप्तरी ।
  (ख) औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, सञ्चालन महाशाखा, केन्द्रीय कार्यालय, बालाजु, काठमाण्डौ ।

- **धरौटी:**
  (क) जग्गाको प्रवेश शुल्कवापत एकपटकको लागि प्रति रोपनी न्यूनतम् रू.१५,०००।०० (पन्ध्र हजार रूपैंया) निर्धारण गरिएको छ ।
  (ख) प्रस्तावकले प्रस्ताव पेश गर्दा प्रतिस्पर्धा गर्ने प्रयोजनका लागि प्रवेश शुल्क गोप्यरूपमा बढी कबोल गर्न सक्नेछ नियम १४ बमोजिम प्रवेश शुल्कलाई अंक प्राप्त गर्ने माध्यम बनाइएको छ ।
  (ग) आफुले कबोल गरेको प्रवेश शुल्कको २५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको निम्न बैंकहरूमा जम्मा गरेको भौचर प्रस्तावसाथ संलग्न गर्नुपर्नेछ ।

  "औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड" को नाममा रहेको बैंक खाताहरु:

  क) एभरेष्ट बैंक लिमिटेड, बालाजु च.हि.नं. ०२०००१०५२००१७८

  ख) नेपाल बैंक लिमिटेड, बालाजु च.हि.नं. ०३५००१००००७६१८००००01

  "गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय" को नाममा रहेको बैंक खाताहरु:

  क) एभरेष्ट बैंक लि., राजविराज, च.हि.नं.०४७००१०५२००१३९

- **<u>प्रस्ताव खोलिने:</u>** सार्वजनिक सूचना प्रकाशित भएको मितिले २२ औं दिन मिति ........ दिउँसो १४:०० बजे रितपुर्वक दाखिला भएका प्रस्तावहरु औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, बालाजु, काठमाण्डौं र गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, रुपनी-५, सप्तरीमा उद्योगी वा निजको प्रतिनिधिको (आधिकारिक प्रतिनिधि नियुक्ति गरेको वा अख्तियारी दिएको लिखित पत्रसाथ) रोहवरमा खोलिने छ । उद्योगी वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
- **<u>बिदा परेमा</u>**: प्रस्तावहरु दर्ता गर्ने अन्तिम दिन तथा खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त दिनको भोलिपल्ट अर्थात कार्यालय खुला भएको दिनमा दर्ता वा खोलिने कार्य गरिनेछ ।
- **<u>अधिकार</u>**: प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नियमावलीको नियम ३४ बमोजिमको अधिकारी वा निकायलाई हुने छ । र सो निकाय वा अधिकारीबाट प्रस्ताव स्वीकृत भए पछि मात्र प्रस्ताव स्वीकृति गर्ने आसयको सूचना प्रकाशित गरिने छ ।
- **<u>प्रस्तावमाथि कारवाही नहुने</u>**: शिलबन्दी भई नआएको, म्यादभित्र पेस हुन नआएको, फिर्ता लिएको प्रस्ताव, अयोग्य प्रस्ताव, आपसमा मिलोमतो गरी दाखिला भएको, रद्द भएको प्रस्ताव, सर्तसहितको प्रस्तावहरु माथि कारवाही हुने छैन ।
- **<u>कारवाही हुने:</u>** नक्कली कागजात पेस गरेको पाईएमा प्रस्ताव खरिद गर्न वा दाखिला गर्न आएको व्यक्ति वा फर्मउपर प्रचलित कानुनबमोजिमको कारवाही हुनेछ ।
- **<u>अन्य जानकारी</u>**: अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, रुपनी-५, सप्तरी वा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको केन्द्रीय कार्यालय, काठमाण्डौं-१६, बालाजुमा सम्पर्क गर्न सकिनेछ । यो सूचना औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको वेबसाईट www.idm.org.np मा समेत उपलव्ध छ ।
- यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७१ (संशोधनसहित) र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ (संशोधनसहित) बमोजिम हुनेछ ।
- गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रस्थित भाडामा उपलव्ध हुने जग्गाको नापनक्सा र क्षेत्रफलको विवरण:

| S.NO. | LAND SYMBOL | LAND AREA - (R:A:P:D) |
|---|---|---|
| 1 | p-1 | 7:14:1:0.19 |
| 2 | p-2 | 5:12:2:3.93 |
| 3 | p-3 | 7:2:0:1.75 |
| 4 | p-4 | 6:9:0:2.51 |
| 5 | p-5 | 6:2:1:3.77 |
| 6 | p-6 | 8:0:0:3.46 |
| 7 | p-7 | 5:10:1:3.06 |
| 8 | p-8 | 5:7:1:0.44 |

| S.NO. | LAND SYMBOL | LAND AREA - (R:A:P:D) |
|---|---|---|
| 9 | p-9 | 6:14:0:0.36 |
| 10 | p-10 | 5:12:0:0.96 |
| 11 | p-11 | 5:7:2:3.79 |
| 12 | p-12 | 5:6:1:3.02 |
| 13 | p-13 | 5:11:1:2.49 |
| 14 | p-14 | 5:12:3:3.69 |
| 15 | p-15 | 6:0:3:0.39 |
| 16 | p-16 | 7:4:0:3.07 |

≠P= PLOT
≠R:A:P:D= ROPANI:AANA:PAISA:DAAM